म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २५९ बुधबार २० बैशाख २०८० ने. सं. ११४३ बछलाथ्व 3 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मक्वानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना
B Pharma - २ जना
तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**
**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४१२७७००९

# हेटौंडामा बालश्रमिक ६३ जना, तथ्यांकमा छुट्यो की घट्यो ?

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ जिल्लाका १० वटा स्थानीय तहमध्ये सबैभन्दा धेरै बालश्रमिक हेटौंडामा भेटिन्छन् । ठूलो सहरी क्षेत्र भएकाले पनि बालश्रम बढी हेटौंडामा हुने गरेको विगतकै अध्ययनले देखाउँछ ।

बालश्रम व्याप्त रहेको हेटौंडा उपमहानगरपालिकाले आगामी मंसिरमा बालमैत्री स्थानीय शासन अबलम्बन गरेको स्थानीय तहको रुपमा घोषणा गर्ने तयारी गरेको छ । बालमैत्री उपमहानगरको सूचिमा पर्ने तयारी गरेको हेटौंडाले टोलटोलमा र विद्यालयसम्म बालमैत्री अभियान पुऱ्याउनेदेखि बजार क्षेत्रमा देखिएको बालश्रम समस्या समाधानमा जोडका साथ काम गरिरहेको छ । बालमैत्री घोषणा पूर्व काम गर्नुपर्ने ५१ वटा सूचकमध्ये बालश्रम तथा बालविवाह उपमहानगरलाई टाउको दुखाई बनिरहेको छ ।

बजारका होटल, रेष्टुरेन्ट, वर्कशपलगायतका व्यवसायिक क्षेत्रमा धेरै बालश्रमिक छन् । उपमहानगर पालिकाको महिला तथा बालबालिका विकास महाशाखाले बालमैत्री अभियानकै क्रममा नगर क्षेत्रभित्र ६३ जना बालबालिका श्रममा रहेको प्रारम्भिक तथ्यांक निकालेको छ । १९ वटै वडा कार्यालयको समन्वय लिइएको बालश्रमिकहरुको तथ्यांकप्रति भने कतिपयले आशंका व्यक्त गरेका छन् । बालबालिकाको क्षेत्रमा काम गर्दै आइरहेको सिविन बालहेल्पलाईन नेपाल मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले बालश्रमिक १ सयको हाराहारीमा हुनुपर्ने बताए । उपमहानगरले प्रारिम्भक तथ्यांकअनुसार ६३ जना मात्रै बालश्रमिक भेटिए पनि अध्ययन जारी राख्ने भएको छ ।

उपमहानगरपालिकाले सिविन नेपालसँगको समन्वयमा तथ्यांक संकलनदेखि बालश्रमिकको उद्दारको काम गरिरहेको छ । ज्ञवालीले हाल अध्ययन गर्दा ६३ जना मात्रै बालश्रमिक भेटिएको र १ सय जनाको हाराहारीमा हुनुपर्ने बताए ।




उनकाअनुसार विगतमा पनि हाल बालश्रम घटेको जानकारी दिए । 'हेटौंडामा पहिला जस्तो बालश्रम धेरै छैन् । अहिले घटेको पाइन्छ । तर, बालश्रमिकको तथ्यांक १ सयको हाराहारीमा हुनुपर्छ । थप अध्ययन पनि हुँदैछ ।', ज्ञवालीले भने । हेटौंडा उपमहानगरपालिकामा रहेका बालश्रमिकहरुको प्रारम्भिक तथ्यांक अनुसार ६३ जना बालबालिका श्रममा रहेको पाइएको हो ।

पहिलो चरण १९ वटै वडामा प्रारम्भिक तथ्यांक संकलन गर्दा ६३ जना बालबालिकामा श्रममा भेटिएको उपमहानगरपालिको महिला तथा बालबालिका विकास महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले जानकारी दिइन् । सबैभन्दा बढी बालश्रमिक वडा नम्बर ४ मा ९ जना रहेका छन् । ४ नम्बर वडाभित्र होटल तथा रेष्टुरेन्ट र वर्कशप पनि धेरै रहेका छन् । सरोकारवालाहरुको भनाईअनुसार ४ नम्बर वडामा ९ मात्र नभई धेरै बालश्रमिक हुनुपर्ने हो । उपमहानगरको प्रारम्भिक तथ्यांक अनुसार वडा नम्बर-६, १२ र १६ मा भने बालश्रमिक नभेटिएको प्रमुख लामिछानेले जानकारी दिइन् । बालश्रमिकहरुमा बालक ५५ जना र बालिका ८ जना रहेको उनको भनाई छ ।

कानुनतः १८ वर्षमूनिका बालबालिकालाई श्रममा लगाउन पाइँदैन् । तर, हेटौंडाका होटल तथा वर्कशपहरुले कानुनको धज्जी उडाउँदै बालश्रम प्रयोग गर्दै आइरहेका छन् ।

विगतमा उपमहानगरबाट बालश्रम नियन्त्रणका लागि धेरै पटक अनुगमन भएपनि प्रभावकारी कारबाही हुन नसक्दा बालश्रम हट्न सक्केको थिएन् । बालश्रमिकलाई उद्दार गर्ने र बालबालिकलाई श्रममा लगाउनेलाई कडा कारबाही नहुँदा परिवारमा पुनःस्थापित भएका बालबालिकाहरु फेरि श्रम बजारमै पुग्ने गरेका थिए । विगतमा सरकारी निकायले बालश्रम नियन्त्रण अभियानलाई कर्मकाण्डी मात्रै बनाउँदा बालबालिकाहरु श्रममा आउने बाध्यता थियो ।

उपमहानगरको प्रारम्भिक तथ्यांकअनुसार ६३ जना बालश्रमिकमा १७ वर्षका १४ जना, १६ वर्षका १३ जना, १५ वर्षका १५ जना, १४ वर्षका १३ जना, १३ वर्षका ५ जना र १२ वर्षका ३ जना छन् । उनीहरुमध्ये मकवानपुरका ३३ जना, बाहिर जिल्ला २२ र छिमेकी राष्ट्र भारतका ७ जना र एक जनाका विवरण नखुलेको बालश्रमिकहरु भेटिएको महिला तथा बालबालिका विकास महाशाखा प्रमुख लामिछानेले जानकारी दिएकी छन् । तथ्यांकअनुसार मोटर ग्यारेज वर्कशपमा काम गर्ने बालश्रमिकहरु २२ जना, रेष्टुरेन्ट, होटल र ब्याङ्कटेस १२, यातायात क्षेत्रमा १२, निर्माण ढुवानीमा ७ जना, घरायसी काममा तीन जना, कवाडी र फ्याक्ट्रीमा २/२ जना र अन्यमा ३ जना रहेको पाइएको छ ।

तथ्यांक संकलनको क्रममा बालश्रमिकहरुमध्ये ५२ जनाले हाल गरिरहेको कामलाई नै भविष्यको योजना बनाएका छन् भने ६ जनाले पढ्न चाहेको र ५ जनाले सीप सिक्न चाहेको बताएका थिए । उनीहरुमध्ये २८ जनाले कमाएको पैसा घरमा पठाउने गरेको, १६ जनाले पारिश्रमिक नपाउने र गरेको, ९ जनाले आफुलाई मात्र खर्च गर्ने गरेको, ९ जनाले कमाइएको प्रयोग नखुलाएको र एक जनाले धुम्रपान/मद्यपानमा खर्चने गरेको जनाएको छ । तथ्यांकअनुसार बालश्रमिकहरुले काम वापत न्यूनतम खान बस्नदेखि अधिकतम मासिक १५ हजार पारिश्रमिक पाउने गरेको बालबालिका बताउँछन् ।

हेटौंडा उपमहानगरले वडावडामा बालसहजकर्ता राखेर बालबालिका सम्बन्धी सुचकहरुमा तथ्यांकहरु संकलन गरिरहेको छ । महाशाखा प्रमुख लामिछानेले आज बुधवारदेखि श्रममा रहेका बालबालिकाहरुको उद्दार गरिने जानकारी दिइन् । महानगरले बालश्रमिकको उद्दार गर्ने र उनीहरुलाई श्रम बजारमा फेरि आउन नदिन उपमहानगरले प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने देखिन्छ ।

# लागूऔषधसहित हेटौंडाबाट दुई जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले दुई फरक स्थानबाट दुई जनालाई लागूऔषधसहित नियन्त्रणमा लिएको छ ।

हेटौंडा उपमहानगर पालिका-१० बाट लागूऔषधसहित एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा भिमफेदी गाउँपालिका वडा नम्बर ४ निबुवाटार बस्ने २९ वर्षीय दिनेश लामा हुन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१० भुटनदेवीस्थित विद्युत प्राधिकरण अगाडिबाट लामालाई सोमबार साँझ पक्राउ गरेको हो । सडकमा हिँडिरहेको अवस्थामा जाँच गर्दा लामाको साथबाट ओनरेक्स ८ बोतल (प्रति बोतल १०० एमएल) फेला परेको जिल्ला प्रहरी मकवानपुरका प्रहरी नायव उपरीक्षक टेक बहादुर कार्कीले जानकारी दिए । उनीमाथि आवश्यक कारबाही तथा अनुसन्धान भइरहेको उनले बताए ।

हेटौंडा उमहानगर पालिका-१ चौकीटोलबाट लागूऔषध सहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा कैलाश गाउँपालिका-५ गोगने बस्ने ४२ वर्षीय रामबहादुर मोक्तान छन् ।

हेटौंडा-भैंसे सडकखण्ड अर्न्तगत भैंसेबाट हेटौंडा बजारतर्फ आउँदै गरेको बागमती प्रदेश ०३ ००१ ख १७८२ नम्बर बसलाई चेकिङ गर्ने क्रममा बसमा सवार मोक्तानलाई लागूऔषध गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीले उनको झोला चेकजाँच गर्ने क्रममा २ किलो ९०० ग्राम लागूऔषध गाँजा बरामद गरेको जनाएको छ । लामा र मोक्तानलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको डिएसपी कार्कीले बताए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**केदारनाथ सुनचाँदी पसल**
हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा
**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०८० बैशाख २ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे




सम्पर्कः
०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

**घडेरीहरू बिक्रीमा**

जिल्ला : मकवानपुर
हेटौडा उपमहानगरपालिका
वाड नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# स्वरोजगार कार्यक्रम सफल बनाऔं

थाहा नगरपालिकाको ग्रामीण सडकहरुको अवस्था नाजुक बन्दै गएपछि स्थानीय बेरोजगार युवाले आफ्नो वरपरका सडक मर्मत गरेका छन् । थाहा नगपालिका रोजगार सेवा केन्द्रका अनुसार बेरोजगार युवाले रोजगारीका लागि सडक मर्मत गरेर सजिलै मोटर गुड्न सक्ने बनाएका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रमले स्थानीयको सडक सफा बनाउने काम गरेको हो । छनोटमा परेका बेरोजगार युवालाई न्यूनतम रोजगारी प्रदान गरेर सडक मर्मत गर्न लगाइएको हो । बेरोजगार व्यक्तिले काम र दाम दुवै पाएका छन् । थोरै बजेट र श्रमबाट हुने कामका लागि यो कार्यक्रम निकै सहयोगी भएको छ ।

यहाँनिर आफ्नै घर आँगनका सडक सफा गर्न पनि सरकारको श्रोत साधनको प्रयोग गर्नु परेको सवाल उठ्न पनि सक्छ । तर, अहिले जमाना परिबर्तन भएको छ । पछिल्लो समयमा सार्बजनिक कामका लागि समय निकाल्ने र खट्ने जनशक्ति अभाव भएको छ । थाहानगर मात्र होइन कि देशभरि नै आफ्नो दैनिक जीवन गुजारो गर्नका लागि उपयोग हुने सडक, पुलपुलेसा, गोरेटो मर्मत गर्ने अभ्यास केवल दन्त्यकथा झैं बनेको छ । साँच्चै भन्ने हो भने हाम्रो समाजमा अहिले मानबीय समबेदना घट्दै गएको छ । हाम्रा पितापूर्खाको पालामा जस्तो सामाजिक उत्तरदायित्व अहिलेको पुस्तामा भेटनै मुस्किल पर्न थालेको छ । चोक चौतारो र स्थानीय चियापसलमा बसेर भएभरका गफ चुट्ने समय र जाँगर मिल्ने तर, आफैंले प्रयोग गर्ने गोरेटोमा खाल्डाखुल्डी भयो भने त्यो अर्कैले आएर पुरिदिनु पर्ने अवस्था सृजना भएको छ । यस्तै यस्तै कारणले प्रधानमन्त्री स्वरोजगार अभियान ल्याइएको हो भन्दा अत्युक्ति नहोला । यहाँ थाहानगरको अभियानको चर्चा गर्दैगर्दा यो खालको परिस्थिति देशैभरि ब्याप्त छ । थाहानगरले आफ्ना नगरबासीलाई सहज बनाउनका लागि सुरु गरेको अभियानलाई सकारात्मक मान्नै पर्छ ।

हाम्रो समाजको बदलिएको स्वरुपका कारण अहिले जनप्रतिनिधिलाई पनि काम गर्न निकै चुनौती थपिएको छ । जननिर्वाचित प्रतिनिधिलाई आफ्नो मतदाता रिझाउनका लागि भएपनि सानातिना योजनाहरु संचालन गर्नु परेको छ । आफ्ना कार्यकर्ता वा निर्वाचनको समयमा सहयोग गरेका युवा दस्तालाई अल्मल्याउनका लागि पनि यस्ता खालका कार्यक्रम जरुरी रहेको छ । समाजको विकासक्रमसँगै जनप्रतिनिधि पनि चल्नै पर्ने हुन्छ । धेरै पालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम निकै लोकप्रिय बनेको छ । केही पालिकामा यो कार्यक्रम केवल कार्यकर्ता अल्मल्याउने मेसो मात्र बनेको पनि छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २१ गते बिहीबार ४ मे २०२३ । चतुर्दशी, वैशाख शुक्लपक्ष । बछलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:२५, सूर्यास्त ६:३८ । नृसिंह जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : भूमिबाट लाभ लिने समय छ | तुला | : लेनदेनमा विवाद हुनेछ |
| वृष | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | वृश्चिक | : धार्मिक कार्यले फाइदा हुनेछ |
| मिथुन | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | धनु | : मन खिन्न बनाउन सक्छ |
| कर्कट | : काममा परिवारकोसहयोग मिल्नेछ | मकर | : दिन उत्साहपूर्ण बन्नेछ |
| सिंह | : स्वास्थ्यमा कमजोरी हुनेछ | कुम्भ | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| कन्या | : उपचारमा खर्च हुनेछ | मीन | : व्यावसायिक यात्राको सम्भावना छ |

# घनत्व बढाउँदै पूर्वको आदिवासी आन्दोलन



[redacted]

राजकीय स्वीकार्यतामा समय लाग्न सक्छ, जनआन्दोलनको अवधि लम्बिन सक्छ, दमन र प्रतिरोधका शृंखला बढ्न सक्छन् । तर, लाजेहाङ लिम्बूको ज्यान लिइसकेको कोशी प्रदेश खारेज आन्दोलन बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश खारेज आन्दोलनसमेत हो । तब मात्र प्रथम संविधानसभा, राज्य पुनर्संरचना समितिद्वारा अघि सारिएको पहिचानका पाँच सिद्धान्तले भौतिक आकार लिन पाउँछ । त्यसै भनेर पूर्वमा आदिवासी तथा प्रगतिशीलहरूको जायज आन्दोलनले अजम्बरी विचारको झण्डा उठाइरहेको छ । अवश्य पनि साल, सिमल, सुनाखरी, बाबरी, धुपी र लालीगुराँस जबसम्म फुलिरहन्छ अनि जबसम्म देशभक्त कविहरूले माटोको कविता लेखिरहने छन् तबसम्म अजम्बरी विचारको यो झण्डा चोमोलुङ्माको आकाशमा फर्फराइरहने छ ।

पूर्वी नेपालको प्रदेश-१ मा उठेको पहिचान आन्दोलन त्यो घटनासित तुलनायोग्य छ, जुन २०३७ सालको जनमत संग्रह थियो । बहुदलीय प्रजातन्त्र खोसेर निर्दलीय राजतन्त्र थोपरिएको २० वर्ष पुग्दै थियो : बहुदल कि निर्दल भनेर जनमत संग्रह गराए । बहुदल पक्षलाई हराए, निर्दललाई जिताए । तर, पञ्चहरूको निर्दलीय व्यवस्थाले दश वर्ष पनि टेक्न पाएन । अर्थात् २०४६ सालमा निर्दलीय व्यवस्था खारेज भयो र बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना । किनभने, २०३७ मा बहुदलीय राजनीतिले जनसमुदायमा प्रतिपक्ष राजनीतिको स्थान ग्रहण गरिसकेको थियो, जसको ठोस अभिव्यक्ति २०४६ सालमा हुन पुग्यो । तदनुरूप पूर्वमा कोशी प्रदेश खारेज आन्दोलनले आम जनसमुदायमाझ बलियो प्रतिपक्षीय राजनीति स्थापित गरिरहेको छ । जसको ठोस अभिव्यक्तिका निमित्त न्यूनतम रूपमा जारी आन्दोलनलाई अझ शान्तिपूर्ण, अझ व्यापक तथा अझ प्रभावकारी तुल्याउँदै अघि बढ्नुपर्छ । अधिकतम रूपमा ब्रफमाण्डीय विचारधाराको उचाइबाट परिपक्व तयारी गर्नुपर्छ ।

कोशी लगायत नामका प्रदेशहरूको खारेजी तथा ऐतिहासिक एवं सामुदायिक पहिचानमा आधारित राज्यको वैज्ञानिक पुनर्संरचना सम्भव छ । मात्र नामकरण मुद्दामा मतभेद राख्दै उठेको न्यायपूर्ण आन्दोलन अब शासकीय अधिकार विना सम्पन्न भएको मानिने छैन जसका निमित्त आदिवासी किसिमको समाजवादी कार्यक्रमको जरुरत पर्छ ।

### पूर्वमा आन्दोलनको उठान

विभिन्न माध्यमबाट जानकारी भयो, १७ फागुन २०७९ राति अप्रत्यासित शैलीमा कोशी प्रदेश नामकरण गरिसकेछन् । नेकपा (एमाले) को नेतृत्वमा नेपाली कांग्रेस र अदालती माओवादी केन्द्र मतियार बनेर पहिचान पक्षधर जनताको टाउकोमा बञ्चरो हानेछन् । संगीन प्रश्न खडा भयो, अब के गर्ने ? माओवादी आन्दोलनमा हिजो किरात गणराज्य सरकारको अध्यक्ष हुँदै किरात, लिम्बुवान, कोचिला राज्य समिति निर्माणमा नेतृत्व सम्हाली आएको, पहिचान मुद्दा त्यागेर एमालेतर्फ विलय भएका प्रचण्डहरूसँग वैचारिक मतभेद राखेर पार्टी पुनर्गठन गरेको तथा वर्गीय र जातीय आन्दोलनबीच समायोजनद्वारा मात्र समाजवादी क्रान्ति सम्भव छ भन्ने अडानका हामीहरू मौन रहनु सम्भव हुँदैनथ्यो ।

पहिचान विरोधी राजनीतिक धार विश्लेषण गरौं । खड्गप्रसाद ओली नियन्त्रित एमाले नेतृत्वमा तमुवानलाई कुल्चेर गण्डकी, थरुवान-मगरातलाई कुल्चेर लुम्बिनी अनि नेवा-ताम्सालिङलाई कुल्चेर बागमती नामकरण थोपरेका छन् । एमाले प्रवृत्तिमा विलय भएको प्रचण्ड माओवादी नेतृत्वमा खसानलाई कुल्चेर कर्णाली तथा सुदूर पश्चिम नामकरण गरेका हुन् । त्यही एमालेकै नेतृत्वमा कोशी प्रदेश नाम रातारात थोपरेका छन् । निष्कर्ष रफयो, दीर्घकालीन प्रकृतिको राजनीतिक तयारी गर्नुपर्छ । सडकमा उठाइने आन्दोलनमा समर्थन र सहभागिता जाहेर गर्दै अघि बढ्नुपर्छ, मुख्यत: दीर्घकालीन तयारीमा केन्द्रित हुनुपर्छ ।

यसरी १८ फागुन २०७९ मा जनसंवाद यात्रामा जाने निर्णय गरियो । खर्च व्यवस्थापन, टोली निर्माण र पर्चा लिएर काठमाडौंदेखि इटहरी हुँदै इलाम पुग्यौं । फागुन २७ गते त्यहाँको राँके जुलूसमा सहभागी बन्यौं । त्यसपछि पाँचथरको फिदिम हुँदै रोशन राई, केदार सोनाहाङ र गणेश नाछिरिङ सहित चार जनाको टोलीले संवाद यात्रा अघि बढायौं । तेह्रथुम, संखुवासभा, विराटनगर (चैत ५ को जनप्रदर्शनमा सहभागिता) हुँदै भोजपुर, खोटाङ-हलेसीसम्म जनसंवाद गऱ्यौं । हलेसीमा बसेर निर्णय लियौं, जनसंवाद यात्राका सुझावहरूको आधारमा साझा राजनीतिक मोर्चा प्रस्ताव गर्नुपर्छ । १८ चैत २०७९ मा काठमाडौंमा किरात गणराज्य मोर्चा प्रस्ताव गरियो, भेलाले यलाखोम समिति गठन गऱ्यो । चैत २० गते भोजपुरदेखि संखुवासभा र उदयपुरहुँदै मोर्चाको जिल्ला भेला तथा समितिहरू गठन भए । प्रदेश-१ पुन: नामकरण संघर्ष समितिको एउटा घटकका रूपमा किरात गणराज्य मोर्चा पूर्वको आन्दोलनमा सहभागी छ ।

### जनआन्दोलनको विकास

५ चैत २०७९ मा विराटनगरमा जोडदार विरोध प्रदर्शन, लाजेहाङ लिम्बूको शहादत, संयुक्त संघर्ष समितिको पहल तथा जन-जनमा पैदा भएको आक्रोशले प्रष्ट गर्छ, पूर्वको पहिचान आन्दोलनले जनआन्दोलनको घनत्व बढाइरहेको छ । हामीहरूको स्थानबाट हेर्दा आम रूपमा पूर्वको आन्दोलन, विशिष्ट रूपमा किरात गणराज्य मोर्चाको काठमाडौं र भोजपुरमा सशक्त समिति गठनबाट प्रचण्ड माओवादीको सातो उड्यो । रुन्चे विज्ञप्ति गर्दै त्यसले त्रुटि भएको र पहिचान मुद्दामा आफू प्रतिबद्ध रहेको भनी कालु र किसानको कथा चरितार्थ गऱ्यो ।

जनआन्दोलनको विकासबाट प्रदेशका ८२ जना माननीय सांसदहरू भूमिगत हुन बाध्य छन् । गाउँ-गाउँमा संघर्ष समिति गठन र जनप्रदर्शन व्यापक रूपमा बढेका छन् । प्रदेश-१ को समाजमा सरोकार भएका स्वदेश तथा विदेशका नागरिकहरू सक्रिय बनेका छन् । यही मौकामा कोशी प्रदेश नामकरणको स्वामित्व लिने र पहिचानवादी आन्दोलनलाई आतंककारी करार गर्दै हिंसा भड्काउने हर्कतमा पूर्व प्रधानमन्त्री तथा नेकपा (एमाले) अध्यक्ष खड्गप्रसाद ओलीले झापादेखि इलाम र पाँचथर हुँदै तेह्रथुमको भ्रमण गरे । प्रतिवादमा जनताले कालो झण्डासहित सशक्त विरोध प्रदर्शन गरे । त्यसपछि एमाले समर्थित युवा संघ जसरी निषेध बोलिरहेको छ, त्यसले पूर्वमा हिंसात्मक गृहयुद्ध भड्काउने संकेत गरेको छ । शासकहरूद्वारा गृहयुद्धको स्थिति थोपरिएमा त्यसलाई समाजवादी प्रगतिशील आन्दोलनमा हठात् विकास गर्ने राजनीतिक कर्तव्य पहिचानवादीको हुनेछ ।

### पहिचान आन्दोलनको सैद्धान्तिक आधार

गणतन्त्र नेपालमा पहिचान आन्दोलनको सैद्धान्तिक आधार प्रथम संविधानसभा, राज्य पुनर्संरचना समितिले निर्धारण गरेको थियो । त्यही सैद्धान्तिक आधारलाई पछि सरकारद्वारा गठित राज्य पुनर्संरचना आयोगले पनि अघि बढायो । त्यसमा पहिचानको पाँच आधारमा राज्यको पुनर्संरचना गर्नुपर्ने कार्यादेश छ । पहिचानका ती पाँच आधारमा जातीय, भाषिक, सांस्कृतिक, ऐतिहासिक निरन्तरता र भौगोलिक सम्बद्धता पर्दछन् । आजको नयाँ सन्दर्भमा इतिहास र भूगोललाई एउटै बुँदामा समाहित गरी पाँचौं बुँदामा समाजवादलाई स्थापित गर्न जरूरी छ । जसले, सामर्थ्यको आधार अभिव्यक्त गरोस् ।

अत: यहाँ पहिचानको आन्दोलन भनेको जातीय पहिचान, भाषिक पहिचान, सांस्कृतिक पहिचान, ऐतिहासिक-भौगोलिक पहिचान र समाजवादी लोकतान्त्रिक पहिचानको आन्दोलन हुन आउँछ । नेपालको संविधान, २०७२ ले समाजवाद उन्मुख राज्य र वर्गीय, जातीय, भाषिक, सांस्कृतिक एवं लैङ्गिक विभेद अन्त्य गर्ने भनेर जुन प्रावधान तोकेको छ, उक्त पृष्ठभूमिमा पूर्वको आदिवासी आन्दोलनले समाजवादी पहिचान आत्मसात् गर्नुपर्दछ । जसले, पहिचान विरोधीहरू संविधान विरोधी र पहिचानवादीहरू संविधान रक्षकको कित्ताकाट गर्ने आधार प्रदान गर्दछ ।

साथसाथै, हिजो माओवादी आन्दोलन सशक्त हुँदा जातीय मुक्ति आन्दोलन पनि सशक्त बनेको, जसै माओवादी आन्दोलन कमजोर बन्यो, पहिचान आन्दोलन पनि कमजोर बनेको वस्तुगत तथ्य स्वीकार गर्ने इमानदारी हुनुपर्छ । तदनुरूप सर्वहारा वर्गको एकल पार्टी अधिनायकत्वलाई समाजवादको विकसित चरणमा जिम्मा लगाएर प्रारम्भिक चरणको श्रमिक वर्गीय समाजवादी लोकतन्त्रमा पहिचान आन्दोलनलाई उठाउने साहस गर्नै पर्दछ । तब हिंसात्मक गृहयुद्ध रोक्ने तागत आर्जन गर्न सकिन्छ ।

### यायोक्खा र चुम्लुङलाई शत्रुतापूर्ण विरोध गर्नुहुँदैन

किरात राई यायोक्खा र किरात याक्थुङ चुम्लुङ समेतका संस्थाहरूले आफ्नो सीमाभित्र रहेर आन्दोलनमा भारी योगदान गरेका छन् । २०४५ सालमा स्थापित यायोक्खाको संस्थापक सदस्य हुनुको नाताले हामीलाई अवगत छ कि प्रत्येक राईहरू यायोक्खाको सदस्य बन्न सक्दछन् । चुम्लुङको पनि त्यही हो कि प्रत्येक लिम्बूहरू चुम्लुङ सदस्य बन्न सक्दछन् । ती संस्थाहरूमा सदस्य बन्न कुनै वैचारिक-राजनीतिक पावन्दी लाग्दैन । त्यसैले ती संस्थाहरूलाई सामाजिक संस्था भन्ने गरिन्छ ।

भावनात्मक प्रश्नमा सबै राईहरूले किरात प्रदेशको माग स्वीकार गरे कति सुन्दर हुन्थ्यो भन्ने जनचाहना स्वाभाविक हो । तर, यहाँ आजसम्म पहिचान विरोधी राजनीतिक दलहरू पनि छन् । जान वा अन्जानमा ती दलहरूमा संगठित रहँदै आएका आदिवासीहरू पनि छन् । अत: यायोक्खा र चुम्लुङलाई भण्डाफोर गर्दा सामाजिक रूपमा सदस्य बनेकाहरू पहिचानको राजनीतिमा विभाजित हुन पुग्छन् । त्यस स्थितिमा यायोक्खा र चुम्लुङको संगठनमा संकट उत्पन्न हुन पनि सक्छ । पहिचानवादी राजनीतिकर्मीहरूले ती संस्थाहरूको यो सीमा स्वीकार गर्नुपर्दछ ।

बरु पहिचानवादीले राजनीतिक मोर्चा निर्माण गर्दै आवश्यक पहलकदमी लिनु युक्तिसंगत हुनेछ । जस्तो कि किरात गणराज्य मोर्चाको सदस्य बन्न किरात गणराज्यको माग स्वीकार गरेको हुनैपर्छ । तदनुसार पहिचान पक्षधर कम्युनिस्ट, समाजवादी, समाजवादी निर्वाचन प्रणालीमा सहमत पूँजीपति तथा स्वायत्त र एकीकृत देशभक्त प्रगतिशीलहरू यस मोर्चाको सदस्य बन्न सक्दछन् । आधारभूत अन्तर के भने यायोक्खाको सदस्य बन्न राई किराती भए पुग्छ, तर मोर्चाको सदस्य बन्न किरात गणराज्यको राजनीतिक माग स्वीकार गरेको मानिस हुनैपर्छ ।

राजनीतिक मार्चाको प्रक्रियाबाट अघि बढ्दै गर्दा आज पहिचान विरोधी दलको सदस्य रहेको मानिसमा भोलि रूपान्तरण आउन पनि सक्छ, योग्यतापूर्वक उनीहरूलाई रूपान्तरणको प्रयास पनि गरिरहनुपर्छ । नयाँ पुस्तालाई संगठित र प्रशिक्षित गर्दै अघि बढ्न सकिन्छ । तर, यायोक्खा र चुम्लुङहरूले राजकीय आन्दोलनमा पुऱ्याइरहेको सशक्त योगदान तथा सांस्कृतिक क्षेत्रमा गरिरहेको उल्लेखनीय प्रगतिलाई पहिचानवादी कसैले पनि नजरअन्दाज गर्नुहुँदैन । बरु आ-आफ्नो स्थानबाट नयाँ आधार निर्माणको प्रयत्नसँगै सहकार्यमा अघि बढ्नु संरचनागत बुद्धिमत्ता हुन्छ । ती संस्थाका कतिपय पदाधिकारीका बारे आन्तरिक समीक्षा गर्न सकिन्छ । रचनात्मक तरिकाले सुझाव आलोचना गर्न सकिन्छ । तर, शत्रुतापूर्वक विरोध गर्दा हेक्का राख्नै पर्छ, त्यसले आन्दोलनमा किमार्थ सकारात्मक योगदान गर्दैन ।

अन्त्यमा, पूर्वमा सञ्चालित आदिवासी तथा प्रगतिशीलहरूको आन्दोलन गुणात्मक घनत्वको एक महान् जनआन्दोलन हो । सम्पूर्ण रूपमा शान्तिपूर्ण तवरबाट यस आन्दोलनलाई निरन्तरता दिने र जुझारु निष्कर्षमा पुऱ्याउनेमा जोड गर्नुपर्दछ । कोशी खारेजपछि पहिचानमा आधारित प्रदेश नाम के हुने भन्ने प्रश्न कोशी नाम खारेजपछिको जरुरत हो न कि आजै । संघर्ष समिति मातहत जो जहाँ जसरी आन्दोलनमा सक्रिय छ, तत्कालमा त्यसरी नै अग्रसरता लिनु उत्तम हुनेछ । यो पनि त्यतिकै सत्य हो कि जिम्मेवार वार्ताका लागि संसदमा रहेका दल तथा सांसदहरूले यथाशीघ्र गोर्खाली मूढाग्रह त्याग्नै पर्छ । पहिचानमा आधारित लोकतन्त्र सम्भव छ ।

*(साभार: अनलाइनखबर)*

# श्रम कानुनको इतिहास नबिसौं



सूर्य नेपाल

**नेपालको कानुनको इतिहास हेर्दा १४औं शताब्दीमा नै राजा जयस्थिति मल्लले मानव न्यायशास्त्र जारी गरेका थिए । वि.सं १९१० को सन्दर्भमा विसं १९१० (सन् १८५४)को मुलुकी ऐनलाई राम्ररी अध्ययन गर्ने हो भने यो कानुन निकै परिपक्व देखिन्छ । कानुनको अध्ययन गर्दा पश्चिमा देशहरूलाई अग्रपङ्क्तिमा राखेर अध्ययन गर्ने हाम्रा कानुनविद्ले हाम्रो आफ्नो मौलिक कानुनलाई त्यति वास्ता गरेको पाइन्न ।**

श्रम न्याय त संसारमा सबैभन्दा पहिले पूर्वीय क्षेत्रमा र नेपालमा व्यवस्थित गरिएको रहेछ । पौराणिक कालको पूर्वीय सनातन समाजमा ईसा पूर्व छैटौं शताब्दिदेखि नै श्रम नियमनको थालनी भएको इतिहास पाइन्छ । याज्ञवल्क्य स्मृति, नारद स्मृति, विष्णु पुराण आदि हिन्दु ग्रन्थहरू र इसापूर्व तेश्रो शताब्दीको कौटिल्य अर्थशास्त्रमा समेत श्रम र ज्याला भुक्तानीबारे उल्लेख गरिएको छ । सनातन संस्कृतिको 'संघे शक्ति कलियुगे' भन्ने संस्कृत श्लोकले त्यही समयमै पनि संघको शक्तिको महत्त्व थाहा भएको झल्काउँछ ।

*विदुषां शास्त्रत: शक्ति: वीराण सा च शस्त्रत: ।*
*धन त्रमादितोऽन्येषां शक्ति: सर्वस्व संघत: ।।*

यसको अर्थ हो विद्वान्ले जुन शक्ति शास्त्रहरूबाट प्राप्त गर्नेगर्छन् त्यही शक्ति वीरहरूलाई शस्त्रबाट प्राप्त हुन्छ । अरू सामान्य मानिसहरू त्यही शक्ति धन र श्रमबाट प्राप्त गर्छन् । तर, संगठनहरूबाट यी सबै शक्तिहरू सबैलाई प्राप्त हुन्छन् । सबै शक्तिभन्दा संगठन शक्ति सर्वेसर्वा हुन्छ । भगवान बुद्धले 'संघम् शरणम् गच्छयामी' भनेर संगठित शक्तिको महत्त्व दर्शाउनु भएको थियो ।

लिच्छवी कालमा (सन् ४००) कर्मचारीलाई कर्मकर भनी परिभाषित गरिएको थियो । सर्वप्रथम हिन्दुधर्मको आधारमा वि.सं ७५० मा लिखित कानुन विकसित भएर कानुनको आधारमा काम सुरु भइसकेको थियो । जयस्थिति मल्लले चौधौं शताब्दीमा नै कामकै आधारमा चार जात ३६ वर्ण वर्गीकरण गरेर मानव न्याय शास्त्र जारी गरेका थिए ।

नरभुपाल शाह र पृथ्वीनारायण शाहले दास राख्न नपाउने नसिहत जारी गरे । मुलुकी ऐन नेपालको सबैभन्दा पहिलो लिखित कानुन हो। पहिलोपटक वि.सं १९१० मा मुलुकी ऐन जारी गरिएको थियो । जंगबहादुर राणाले बेलायत यात्राबाट फर्केलगत्तै यो ऐन बनाएकोले यसमा युरोपको ठूलो छाया परेको छ भन्ने पनि गरिन्छ । तर यो नितान्त मौलिक कानुन हो ।

नेपालको कानुनको इतिहास हेर्दा १४औं शताब्दीमा नै राजा जयस्थिति मल्लले मानव न्यायशास्त्र जारी गरेका थिए । वि.सं १९१० को सन्दर्भमा विसं १९१० (सन् १८५४)को मुलुकी ऐनलाई राम्ररी अध्ययन गर्ने हो भने यो कानुन निकै परिपक्व देखिन्छ । कानुनको अध्ययन गर्दा पश्चिमा देशहरूलाई अग्रपङ्क्तिमा राखेर अध्ययन गर्ने हाम्रा कानुनविद्ले हाम्रो आफ्नो मौलिक कानुनलाई त्यति वास्ता गरेको पाइन्न ।

पूर्वीय दर्शन पश्चिमाभन्दा कानुनको विकासमा धेरै पुरानो छ । नेपाली कानुनको स्रोत हिन्दु धर्मका विभिन्न ग्रन्थहरूमा लिपिबद्ध ज्ञान, विचार, अवधारणा र सिद्धान्त हुन् । यी स्रोत धेरै पुराना र एकदमै विश्वसनीय छन् । ऋग्वेद ५००० वर्षअघि नै लेखिएको बताइन्छ । पूर्वीय सभ्यताको इतिहास हेर्दा करिब ५००० बीसीमा नै इन्दु भ्यालीको सभ्यताको सुरु भएको पाइन्छ ।

मानव सभ्यतालाई चलायमान र व्यवस्थित बनाउनका लागि जुन ज्ञान विचार, अवधारणा र सिद्धान्त विकसित गरियो तिनै कुरा हाम्रो कानुनहरूमा प्रतिविम्बित भएका छन् । मुलुकी ऐन, १९१० मा हिन्दु दर्शनको भने पूर्ण प्रभाव रहेको पाइन्छ । जसरी हिन्दू धर्ममा अधिकार भन्दा कर्तव्यलाई बढी ग्राह्यता दिइएको छ त्यसरी नै मुलुकी ऐनमा पनि अधिकारभन्दा कर्तव्यलाई नै बढी महत्त्व दिइएको छ ।

मुलुकी ऐन सारवान र कार्यविधि दुवै कानुनी व्यवस्था भएको कानुनी दस्तावेज हो । मुलुकी ऐन, १९१० मा १६३ वटा महलहरु छन् जसमा 'अदालतीको बन्दोबस्तको', 'कैदी झिकाउन्याको', 'म्यादको' लगायतका छुट्टै महलहरूमा कार्यविधि कानुनसम्बन्धी व्यवस्था गरिएको छ भने 'जग्गा जमीनको', 'मोही तलसिङको', 'अंशबण्डाको' झारा खेतालाको (श्रमको) लगायतका विभिन्न महलहरूमा सारवान् कानुनी व्यवस्था पाइन्छन् ।

यस हिसाबले नेपाली शासकहरू जनता शोषित गर्ने नभई जनतालाई शोषणबाट जोगाउन कानुन जारी गर्ने अनौठा शासकमा पर्छन् । संसारको पहिलो 'लेबर ल' त सन् १८५३ मै अर्थात् अमेरिकाको १८८९ को मे डेको आन्दोलनअघि नै नेपालमा जारी भइसकेको थियो भन्न हामीले किन नसक्ने ?

हामी नेपाली ट्रेडयुनियनवादीले त त्यही दिन श्रम दिवस मनाउनुपर्ने हो । तर, हामीले त यो बहसै छोडेका छौं । उठाएकै छैनौ । अब चै किन चुप लाग्ने ?

जंङगबहादुरपछिका कुशासकहरूलाई गाली गर्दै नेपालको देशको र संसारको ऐतिहासिक श्रम आन्दोलनलाई हामीले किन बिर्सेका हौं ?

हामी अमेरिका र पश्चिमाहरूको पछि लाग्यौं । हाम्रा शासकहरू, श्रम इतिहासकार पनि त्यतै लागे ।

जतिखेर मिश्रमा तानाशाह फिराउन र दास नेता स्पार्टाकासहरूको संघर्ष थियो त्यतिखेर त नेपाल र पूर्वीय संस्कृतिमा राम राज्य थियो । जतिखेर अमेरिकी र पश्चिमीहरू श्रम नियमनको आन्दोलनमा थिए नेपालका शासकहरूले मुलुकी ऐन जारी गरी भरियाको ज्याला तोकिदिएका थिए ।

अमेरिकामा र युरोपमा त मजदुरहरूको आन्दोलन थियो तर नेपालमा कुन मजदुर या भरियाले न्यूनतम ज्याला तोक्नु पर्ने माग गरेका थिए र ? कोसँग माग नै राखेका थिए ?

यस तथ्यलाई लिएर नेपालको श्रम आन्दोलनको, श्रमको स्वर्ण इतिहास (Golden labour History) मैले भन्ने गरेको छु ।

विक्रम सम्वत् २००३ सालको मजदुर आन्दोलनकै ऐतिहासिकतामा र अमेरिकाबाट सुरू भएको र विश्वले हावा सरह बगाइल्याएको 'मे डे' को हौवालाई पुनर्विचार गरी पूर्वीय विचार को, अभियानको संचार गर्ने अभियानको सुरू गर्ने आन्दोलनको पनि किन यही दिनबाटै सुरू नगर्ने ?

नेपालको स्वर्ण श्रम संसारको इतिहास संझाएर वर्तमान शासकहरूलाई पाठ सिकाउने, जंगबहादुरजस्तै श्रम नियमनको पक्षमा उदाहरणीय शासक बन्न वर्तमान शासकहरूले प्रेरणा लिउन् भन्ने चेत खोल्ने र खुलाउने राष्ट्रिय श्रम दिन पनि मनाउने किटान गर्ने प्रण गर्दै अन्तर्राष्ट्रिय मे दिवस मनाऊँ !

*(साभार: बाह्रखरी)*

# नेपाल क्रिकेटको छलाङ

साझाकुरा संवाददाता

काठमाडौं/त्रिवि क्रिकेट मैदान, कीर्तिपुरमा मंगलबार यूएई विरुद्ध जवाफी ब्याटिङका क्रममा १८औं ओभरको दोस्रो बलमा गुल्सन झाले एउटा लामो छक्का प्रहार गरे । बल मैदानमा दर्शक छिर्ने मुख्य गेटनजिकै पुग्यो । गुल्सनले थप दुई चौका हानेपछि त्यो ओभरमा नेपालले १६ रन बनायो ।



त्यही ओभर विश्व क्रिकेटमा महारथी टिमसँग प्रतिस्पर्धात्मक क्रिकेट खेल्ने नेपालको सपना पूरा गर्न निर्णायक रह्यो । विश्व क्रिकेटको संरचनामा आईसीसीका पूर्णकालीन सदस्य टिमहरूसँग एसोसिएट टिमहरूले खेल्न पाउने अवसर अत्यन्तै न्यून रहन्छ । आईसीसीको एसोसिएट सदस्यता पाएको २७ वर्षसम्म नेपालको सिनियर टिमले भारत, पाकिस्तानसँग प्रतिस्पर्धात्मक क्रिकेट खेल्ने अवसर पाएको थिएन । अब त्यो प्रतीक्षा सकिएको छ ।

एसीसी प्रिमियर लिग अन्तर्गत वर्षाले प्रभावित यूएईसँगको फाइनल नेपालले दुई दिन लगाएर ७ विकेटले जित्यो । प्रतियोगिताको नियम अनुसार सोमबार सुरु भएको फाइनल खेल वर्षाका कारण बिथोलिंदा मंगलबार (रिजर्भ डे)मा निरन्तरता पायो ।

एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता प्राप्त फाइनलमा सन्तुलित बलिङ आक्रमणको नमूना प्रदर्शन गरेको नेपालले टस हारेर ब्याटिङ सुरु गरेको यूएईलाई पहिलो दिन सोमबार नै ध्वस्त पारेको थियो । सोमबार यूएईले २७.३ ओभरमा ९ विकेट गुमाएर १०६ रन बनाउँदा नै नेपालले आधा खेल जितिसकेको थियो ।

सोमबार अपराह्न पौने १२ बजेदेखि स्थगित भएको खेल त्रिवि मैदानमा पानी जमेपछि सोही अवस्थाबाट भोलिपल्टका लागि सारियो । मंगलबार ३३.१ ओभरमा अलआउट हुनुअघि यूएईले ११ रन थप्यो । नेपालले जितका लागि ५० ओभरमा ११८ रनको झिनो लक्ष्य पायो ।

जवाफमा नेपालको सुरुवात सुखद रहेन । ८ ओभरभित्र २२ रन बनाउँदा नेपालले दुई ओपनर सहित कप्तान रोहितकुमार पौडेललाई समेत गुमाइसकेको थियो । दीपेन्द्रसिंह ऐरीको स्थानमा टिममा ल्याइएका गुल्सन झालाई पहिलोपल्ट तेस्रो नम्बरमा ब्याटिङमा पठाउने प्रशिक्षक मोन्टी देशाईको निर्णय सही सावित भयो । गुल्सनको डरविहीन र पाँचौं नम्बरमा आएका भीम सार्कीको संयमित ब्याटिङबाट नेपालले ३३.३ ओभरमा लक्ष्य भेट्टायो । दुवैले चौथो विकेटका लागि ९६ रनको अविजित साझेदारी गरे ।

एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा यूएईमाथि दोस्रो अर्धशतक बनाउने क्रममा गुल्सनले ६७ रनको पारी खेले । भीमले ३६ रन बनाए । आफ्नो इनिङ्समा गुल्सनले ६ छक्का र ४ चौका हाने । बायाँ हाते ब्याटर र दायाँ हाते तीव्र बलरको पहिचानसहित स्थापित १७ वर्षीय गुल्सनलाई सन् २०१४ मा नेपालले विश्वकप खेलेपछिको माहोलले क्रिकेटतिर आकर्षित गरेको हो ।

सर्लाहीमा जन्मिएर आफ्नै खर्चमा भारतको राँचीमा क्रिकेट सिकेका गुल्सनसँग एकेडेमीमा खेल्नेहरू भारतको राज्यस्तरको टिममा स्थान बनाउन संघर्ष गरिरहेका छन् । कोही पलायन भइसकेका छन् । ६ फिट १ इन्च उचाइका बलिङ अलराउण्डर गुल्सनले भने १७ वर्षको उमेरमा रोहित शर्मा र बाबज आजम जस्ता विश्वस्तरीय ब्याटर विरुद्ध बलिङ, शहिन साह अफ्रिदी र जसप्रित बुमराहको बल सामना गर्ने अवसर सिर्जना गरेका छन् । गुल्सनलगायत नेपाल टिमका सदस्यहरूका लागि यो रोमाञ्चक अनुभूति हो ।

मंगलबार यूएईमाथि निर्णायक जितमा प्लेयर अफ द म्याच बनेपछि गुल्सन पत्रकार सम्मेलनमा सहज रूपमा प्रस्तुत भए । 'जुनसुकै जिम्मेवारीका लागि तयार थिएँ । मोन्टी सरले भन्नुभए अनुसार खेल्न सकें । मैले न बितेको कुरा सम्झिएको थिएँ न त भविष्य । आफ्नो जे छ, त्यही गरिरहेको छु', गुल्सन भन्छन् ।

सन् २००२ को एसीसी ट्रफीको फाइनलमा पुगेपछि नेपाल र यूएई, दुई वर्षपछि हुने एसिया कपका लागि छनोट भएका थिए । भारत-पाकिस्तान कार्गिल युद्धसँगै राजनीतिक तिक्तता बढ्दा एसिया कप रद्ध भयो । विश्व विजेता टिमसँग खेल्ने नेपालको सपना अरूको कारण पूरा हुन नसक्नुको पीडा नेपाल क्रिकेट टिमका तत्कालीन कप्तान राजु खड्काभन्दा बढी कसैलाई छैन ।

'त्यतिबेला हामी ज्यादै उत्साहित थियौं । ठूला टेष्ट टिमसँग खेल्दा आफूलाई बलियो विपक्षीका रूपमा उभ्याउन क्यानले तयारी सुरु गर्दै थियो' एसिया कपमा छनोट भइकन पनि भारत, पाकिस्तानसँग खेल्न नपाउँदाको क्षणबारे तत्कालीन कप्तान खड्का स्मरण गर्छन्, 'त्यो हाम्रो लागि कालो दिन थियो । किनकि अरूको कारणले हाम्रो सपना खोसिएको थियो ।'

२२ वर्षपछि फेरि एसिया कप खेल्ने अवसर आएको छ । त्यो समयमा एसिया कपमा छानिंदा नेपाल क्रिकेटले आईसीसीको एसोसिएट मान्यता पाएको ६ वर्ष मात्र भएको थियो । अहिले नेपालसँग पछिल्लो पाँच वर्षदेखि एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता छ ।

उकालो लागेको नेपाल क्रिकेटलाई थप उचाइ दिन भारत, पाकिस्तान जस्ता महारथी टिमसँगको एक्स्पोजर निर्णायक बन्नसक्ने पूर्वकप्तान खड्का बताउँछन् । 'हामीले देखेको सपना अहिलेको पुस्ताले पूरा गर्न लागेको छ' खड्काले भने, 'ठूला टिमसँगको एक्स्पोजरले हाम्रा खेलाडीका लागि मात्र होइन विश्व क्रिकेटले हाम्रो देशलाई हेर्ने नजरमै परिवर्तन हुनेछ ।'

हुन पनि सन् २०१४ मा नेपालले टी-२० विश्वकप खेल्यो । त्यही माहोल देखेर क्रिकेटमा होमिएका सन्दीप लामिछाने, रोहितकुमार पौडेलहरू राष्ट्रिय टिमका स्टारहरू हुन् । 'टी-२० विश्वकपपछि हामी पारस (खड्का) दाइ, ज्ञानेन्द्र (मल्ल) दाइलाई हेरेर प्रेरित भएका थियौं', कप्तान रोहित भन्छन्, 'हामीलाई एसिया कपमा देखेर आउने पुस्ता प्रेरित हुनेछ ।'

प्लेयर अफ दि टुर्नामेन्ट बनेका सन्दीप पनि आफूहरूले राम्रो गर्न सके नयाँ पुस्ताले सम्झिरहने बताउँछन् ।

पछिल्लो समय नेपाल क्रिकेटको अभूतपूर्व लय ल्याउन भूमिका खेलेका मुख्य प्रशिक्षक मोन्टी देशाई पनि भारत, पाकिस्तान जस्ता ठूला देशसँग राम्रो खेलन सके आईसीसीका फुल मेम्बरहरूसँग द्विपक्षीय सिरिज खेल्ने अवसरहरू आउने बताउँछन् ।

'भारत र पाकिस्तान जस्ता देशहरूसँग एकदिवसीय खेलेको कल्पना गरें भने म ड्रेसिङ रुममा बसेर रमाइरहेको हुनेछु', खेलपछि सञ्चारकर्मीहरूसँग भने, 'उनीहरूले आफ्नो वान बल ब्याटललाई कतिसम्म सदुपयोग गर्न सक्छन् भन्ने हेरिरहन्छु । पूर्ण सदस्य राष्ट्रका टिमसँग द्विदेशीय क्रिकेट खेल्न पाएको अवसरमा उनीहरूले आफ्नो 'बेष्ट स्किल' प्रदर्शन गर्छन् कि गर्दैनन् भनेर हेर्नेछु ।'

दुई दशकअघि एसिया कपमा छनोट भएर पनि खेल्न नपाएका शक्ति गौचन पनि एसिया कपले थप अवसर ल्याउने बताउँछन् ।

करिअरको सुरुवातमै भारत, पाकिस्तानसँग खेलिने एसिया कप छनोटको खुसी धेरै समय टिक्न नपाएकोमा खिन्न महसुस गरेका उनी अहिले भाइहरूले पाएको सफलतामा खुसी छन् । 'ठूला देशसँग निडर भएर प्रस्तुत हुनुपर्छ । हामीले कोहीभन्दा कम छैनौं भनेर उनीहरूलाई देखाउन सक्नुपर्छ' नेपालका लागि झण्डै दुई दशक खेलेका शक्तिले अनलाइनखबरसँग भने, 'भविष्यमा विदेशी फ्रेन्चाइज प्रतियोगिताहरूमा पनि हाम्रा खेलाडीले अवसर पाउनेछन् ।'

**पूर्वाधारमा लगानी गर्ने बेला**

एशोसिएट नेशनका रूपमा नेपालले एसिया कपमा भारत र पाकिस्तानसँग खेल्न पाउनु आफैंमा ऐतिहासिक हो । तर उदीयमान क्रिकेट टिमका हिसाबले असम्भव पनि होइन । यस्तो अवसर बारम्बार जुराउन भने खेलाडी र प्रशिक्षकको मिहिनेतले मात्र पुग्दैन, क्रिकेट पूर्वाधारमा राज्यको लगानी चाहिन्छ ।

टी-२० विश्वकपमा सहभागिता पनि त्यस्तै अवसर थियो, तर त्यसलाई सदुपयोग गर्न सकेन । अहिले पनि नेपाल क्रिकेट पूर्वाधारको हिसाबमा धेरै नै कमजोर छ । सुविधासम्पन्न अन्तर्राष्ट्रिय रंगशाला नभएको नेपालको क्रिकेट संरचना र विकासको चरण छैन नै भन्दा पनि हुन्छ । जिल्ला र प्रदेश तहमा रहेका संरचना चुनावमा मतदाता संकलन गर्नेभन्दा माथि उठ्न सकेका छैनन् ।

ग्रासरुट कार्यक्रम शून्य छ, उमेर समूहका प्रतियोगिता सीमित छन् । महिला क्रिकेटलाई बेवास्ता गरिएको छ । केही निजी एकेडेमीको उत्पादनले राष्ट्रिय टिममा खेलाडी पर्याप्त छैनन् । नेपालले अहिलेसम्म ए टिमसम्म निर्माण गर्न सकेको छैन ।

मुख्य प्रशिक्षक मोन्टी देशाई पछिल्लो तीन महिनामा नेपाली खेलाडीले दबावमा खेल्ने अनुभव लिएको भन्दै अब भौतिक पूर्वाधार र एक्स्पोजरका लागि लगानी गर्नुपर्ने बताउँछन् ।

'म चाहन्छु, डेभलपमेन्ट क्याम्प होस्, नेपाल ए टिम होस् । अब पुरुष टिमका लागि मात्र होइन, सिंगो नेपाल क्रिकेटबारे सोच्नुपर्छ' क्रिकेट विकासका लागि संस्थापनसँग छलफल पनि भइरहेको भन्दै उनले अघि भने, अबको केही वर्षमा नेपाल फुल मेम्बर हुनसक्छ । एक दिन हामी यहाँ टेष्ट खेल हेर्न सक्छौं ।'

पूर्व क्रिकेटर शक्ति गौचन पनि चरणबद्ध विकास र योजनामा अनुशासित भएर अगाडि बढ्ने हो भने विश्वकप र एसिया कप खेल्ने मात्र होइन, टेष्ट मान्यता पाउन धेरै समय पर्खनु नपर्ने बताउँछन् । सन्यासपछि रूपन्देहीमा एकेडेमी सञ्चालन गरी प्रशिक्षकका रूपमा सक्रिय गौचन भन्छन्, '२०१० सम्म अफगानिस्तान क्रिकेट कहाँ थियो, २०२० यता त्यो टिम कहाँ छ ! त्यसकै तुलना गर्नुस् !'

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुरले जित्यो गोलबजार गोल्डकप

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ सिराहाको गोलबजारमा भएको गोलबजार मेयर गोल्डकप फुटबल प्रतियोगिता मकवानपुर-११ टिमले जितेको छ ।



मकवानपुरले सहलेस युवा क्लव सर्लाहीलाई ३-१ ले हराउँदै छैठौं संस्करणको गोलबजार मेयर गोल्डकप उपाधि जितेको हो । मकवानपुरका लागि समिर तामाङ, अभिषेक लामा र सुजन गुरुङले एक-एक गोल गरे । खेलको ८ औं मिनेटमा समिरले गोल गर्दै मकवानपुरलाई अग्रता दिलाए । पहिलो हाफको अतिरिक्त समयमा अभिषेक लामाले गोल गर्दै अग्रता दोब्बर बनाएका थिए । मकवानपुरका लागि तेस्रो तथा अन्तिम गोल खेलको अतिरिक्त समयमा सुजन गुरुङले गरे ।

फाइनल खेलको म्यान अफ द म्याच मकवानपुरका समिर तामाङ भए । उनले नगदसहित ट्रफी प्राप्त गरेका छन् । प्रतियोगिताको विजेता मकवानपुर-११ ले २ लाख ५१ हजार रुपैयाँसहित ट्रफी पाएको छ । उपविजेता बनेको सहलेशले नगद १ लाख ५१ हजार रुपैयाँ प्राप्त गर्‍यो । प्रतियोगिताको विद्यागत उत्कृष्ट खेलाडीतर्फ मकवानपुरका प्रितम स्याङ्बो सर्वोत्कृष्ट खेलाडी घोषित भए । सुदिप सापकोटा उत्कृष्ट डिफेण्डर, समिर तामाङ उत्कृष्ट फरवार्ड, गोपी बर्तौला उत्कृष्ट गोलरक्षक, अभिषेक लामा सर्वाधिक गोलकर्ता र मकवानपुरका विजयलाल श्रेष्ठ उत्कृष्ट प्रशिक्षक घोषित भए ।

# मिटरब्याज समस्या सम्बोधन गर्न अध्यादेश ल्याउने सरकारको निर्णय



काठमाडौं/सरकारले मिटरब्याजसँग सम्बन्धित समस्यालाई समाधानका लागि अध्यादेशमार्फत कानुन बनाउने भएको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद बैठकले मिटरब्याज पीडितको समस्या सम्बोधन गर्ने गरी अध्यादेशमार्फत कानुन संशोधन गर्न लागिएको सरकारकी प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

बैठकपछि पत्रकारहरुसँग उनले भनिन्, 'मन्त्रिपरिषद्को बैठकबाट मिटरब्याजीसँग सम्बन्धित समस्यालाई कानुनी रुप दिन अध्यादेश राष्ट्रपतिकोमा सिफारिस गर्ने भन्ने निर्णय भएको छ । आज अध्यादेश पठाउने काम हुन्छ ।'

सरकारले मिटरब्याजलाई अनुचित लेनदेनको रुपमा फौजदारी अपराध मान्ने गरी कानुन संशोधन गर्न लागेको छ । मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता, मुलुकी देवानी संहिता र मुलुकी देवानी कार्यविधि संहिता संशोधन गरेर अनुचित लेनदेनमा हुने कानुनी कारबाही र त्यसका लागि अपनाउनुपर्ने कार्यविधिसम्बन्धी व्यवस्था थप गर्न लागेको हो ।

तर कानुन संशोधन गर्न अध्यादेशको बाटो लिएको छ । हाल संसद अधिवेशन स्थगित छ । सरकारले संसद स्थगित भएका बेला जरुरी कानुन अध्यादेशमार्फत ल्याउन सक्छ । तर उक्त अध्यादेशलाई पछि संसदले स्वीकार गर्नुपर्छ ।

सरकारले संसद अधिवेशन चालु रहेकै बेला विधेयक ल्याई संसदमै छलफल गरेर पारित गर्न सक्ने बाटो पनि अपनाउन सक्थ्यो, तर अधिवेशन अन्त्य भएको अवस्थामा अध्यादेश ल्याउन लागेको हो ।

'जे हुन्छ ऐनबाट हुन्छ अध्यादेशबाट हुँदैन अरु विषय तर मिटरब्याजी पीडितको समस्या विशिष्ट प्रकारको भएकाले अध्यादेशमार्फत गरिएको हो' मन्त्री शर्माले भनिन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# दाइजोका कारण मुसहर समुदायमा भाँडिन्छन् बिहे

काठमाडौं/धनुषाको मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाका सहदेव सदा गत फागुनमा छोरीको बिहेको तयारीमा थिए । भारत बिहार मधुवनीका केटा र उनकी छोरीले एक अर्कालाई मन पराइसकेका थिए । अन्तिम चरणमा केटा पक्षले यति धेरै दाइजो माग्यो कि यही कारण बिहे नै रोकियो ।

'बेटाबाला दहेजमे एकटा मोटरसाइकल, सोनचाँदी आ महंग फर्निचर मांग केलकै । पेटे पालएमे आफत है त ओतेक दहेज कतसे दिय सैकतीयै । तै दुवारे बेटीके विहाय नै भेलै,' सहदेवले बिहे रोकिएकामा दुखेसो गरे ।

त्यसपछि पनि छोरीको बिहेका लागि अरु ठाउँबाट पनि प्रस्ताव आए । केही ठाउँमा कुरा पनि अगाडि बढ्यो । तर अन्तिममा दाइजोमै कुरा नमिलेको सहदेव सुनाउँछन् । सम्पत्तिको नाममा उनको केवल डेढ धुर ऐलानी जग्गामा जस्ता, काठ र माटोले बनेको छाप्रो छ । त्यही छाप्रोमा ८ जनाको परिवार बसिरहेका छन् ।

दैनिक गुजाराका लागि आफूले चढ्न साइकल किन्न धौ धौ परेका उनलाई छोरीको बिहेमा दाइजोवापत मोटरसाइकल दिनु हैसियत बाहिरको कुरा हो ।

मधेशमा दाइजो ठूलो सामाजिक समस्या हो । दाइजोकै कारण बिहे हुन नसक्नु, बिहे भएकामा पनि सम्बन्ध राम्रो नहुनु, कुटपिट र हत्यासम्मका घटना भएका छन् ।

मुसहर मधेशमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय हो । यो समुदायमा केही वर्ष अघिसम्म दाइजो लेनदेनको प्रचलन थिएन । तर हिजोआज दाइजो लेनदेनबिना विवाह नै हुन छाडेको छ ।

सोही बस्तीका मिथिलेश सदा पनि जेठी छोरीको बिहे गर्दा दिएको दाइजोको ऋणले थिचिएका छन् । २०७८ फागुनमा उनले छोरीको बिहे भारत विहारस्थित कम्तौल टोलका एक युवकसँग गराइदिए ।

बिहेमा एउटा मोटर साइकल, पलङसहितका फर्निचर, सुनचाँदी र लत्ता कपडा गरी ६ लाखको दाइजो र भोजभतेर, जन्तीको स्वागत सत्कारलगायतमा गरी १३ लाख खर्च भएको मिथिलेश बताउँछन् । यो रकम गाउँकै साहु महाजनसँग ऋण लिएको उनको भनाइ छ ।

'त्यति खर्च गर्ने हाम्रो हैसियत छैन । तर सयममै छोरीको बिहे नगरे समाजले नराम्रो मान्छ । यताउताका साहु महाजनसंग चर्को ब्याजमा ऋण लिएँ । ब्याजसहित फर्काउन साहु महाजनको ताकेता आउन थालेको छ । यति ऋण कसरी तिर्ने सोचेरै तनावमा छु', मिथिलेशले भने । यही ऋण तिर्न उनले थप दुई लाख रुपैयाँ ऋण खोजेर कान्छो छोरालाई मलेसिया पठाएका छन् ।

'हाम्रो मुसहरमा अब बिना दाइजो छोरीको बिहे हुँदैन । मलाई यो चाहिन्छ, त्यो चाहिन्छ भनेर पहिले नै माग्छन् । बिहे हुनु अगाबै दाइजो लिन्छन् बेहुला पक्ष', मिथिलेश सुनाउँछन् 'अहिले त दाइजोमा मोटर साइकल अनिवार्य जस्तै छ । सुनचाँदी, फर्निचर, भैंसी दिनुपर्छ । त्यसमा पनि जन्तीको स्वागत सत्कार राम्रो गर्नैपर्छ ।' २०७६ फागुनमा धनुषाको नगराइन नगरपालिका-२ जटहीका सुकदेव सदाको छोरीको बिहेमा दाइजोकै कारण तोकिएको बिहे अघिल्लो दिन रद्द भएको थियो । बेहुलीको घरमा टेन्ट पण्डाल तयार थियो, मडवा सजाइएको थियो । जन्तीको स्वागतका लागि विभिन्न परिकार पाकिसकेका थिए । बेहुलीको परिवार बेहुला र जन्तीको पर्खाइमा थिए । तर अघिल्लो दिन मध्यराति बेहुला पक्षबाट फोन आयो 'पहिला दाइजोमा दिन स्वीकारेको मोटर साइकल दिनुस्, अनि जन्ती आउँछ । नभए यो बिहे हुँदैन ।' त्यसपछि सुक्देवले छोरीको बिहे अर्कै ठाउँमा गरिदिएका थिए ।

मुसहर समुदाय उत्थानमा काम गर्दै आएका पच्चु माझी पछिल्लो समय अन्य समुदायको सिको मुसहर समुदायले गर्न थालेको बताउँछन् । उनका अनुसार २५ वर्षअघि मुसहर समुदायमा उल्टै केटा पक्षले नै केटी पक्षको बिहे खर्च तिर्ने चलन थियो ।

'२५ वर्षअघिसम्म उल्टै बेहुली पक्षको सम्पूर्ण विवाह खर्च तिर्ने चलन थियो । मेरै दिदीको बिहेमा त्यस्तै भएको थियो । अहिले अन्य समुदायको सिकोले उल्टो भएको छ', माझी भन्छन् । दाइजो प्रथा बढ्नुमा वैदेशिक रोजगारी पनि अर्को कारण रहेको उनको बुझाइ छ । पेट्रोलसमेत हाल्न नसक्ने हैसियतका व्यक्ति अचेल दाइजोमा मोटरसाइकल माग्ने गरेका छन् ।

'तेल राख्ने हैसियत हुँदैन । तर दाइजोमा मोटरसाइकल नै माग्छन् । मोटरसाइकल चढ्नु फेसन जस्तै भइसकेको छ । बेहुलाको पहिलो र ठूलो डिमाण्ड त्यही नै हुन्छ', पच्चु सुनाउँछन् । *(अनलाइनखबरबाट)*

# पत्रपत्रिकामा खानेकुरा पोको पार्न नपाइने

काठमाडौं/सरकारले सडक खाद्य वस्तु (स्ट्रिट फुड) प्रिन्टिङ पेपरमा प्याक गर्न प्रतिबन्ध लगाउने तयारी गरेको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागकी महानिर्देशक डा. मतिना जोशी वैद्यले स्वास्थ्यका लागि खतरनाक असरपार्ने रसायनहरु सो पेपरमा हुने भएकाले स्ट्रिट फुड प्याक गर्ने काममा त्यसलाई प्रयोग गर्न प्रतिबन्ध लगाउने गरी कार्यविधि निर्माणको काम सुरु गरिएको बताएकी हुन् ।

मंगलबारबाट काठमाडौंमा सुरु भएको खाद्य स्वच्छतासम्बन्धि प्रशिक्षण कार्यक्रममा बोल्दै उनले सस्तो र मिठो हुने भएकाले स्ट्रिट फुडको उपयोग बढ्दै गइरहेको उल्लेख गर्दै त्यसमा स्वच्छता ल्याउन सरकारले प्रिन्टिङ पेपरको प्रयोगमा प्रतिबन्ध लगाउन चाहेको पनि स्पष्ट पारिन् ।

महानिर्देशक वैद्यले स्ट्रिट फुड र तरकारी तथा फलफूल बजारलाई स्वच्छ राख्नका लागि सरकारले जनचेतनामूलक कार्यक्रमलाई पनि स्थानीय तहहरुसँग मिलेर अघि बढाएको बताइन्।

उनले भनिन्, 'अहिले हामीले तुरुन्तै गर्न सक्ने एउटा कुरा चाँही टडकारो रुपमा देखिएको र खड्केको कुरा चाँही जुन न्युज पेपरहरुमा चटपटे, पानीपुरी लगायतको प्याक गरेर खाने जुन चलन छ ।

त्यसलाई तुरुन्तै हटाउनुपर्ने देखिन्छ । मालपुवा, सेलरोटीहरु पनि त्यही प्रिन्टेड कागजमा नै पोको पारेर दिने चलन छ । र, हामी त्यसरी समोसाहरु पनि खाइराखेका हुन्छौं । फुड प्वाइजन हुने भएकाले हामीले त्यसलाई नियन्त्रण गर्नका लागि तुरुन्तै प्रतिबन्ध लगाउनुपर्ने देखिन्छ।'

खाद्य स्वच्छताका लागि स्ट्रिट फुड र तरकारी तथा फलफूल बजार अनुगमनको कामलाई अझै तीव्रता दिन लागिएको पनि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनाएको छ ।

"तपाई हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# लटारम्मेश्वर पुग्न छोटो मार्ग बनाउँदै भीमफेदी

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ मकवानपुरमा पछिल्लो समय निकै चर्चित पर्यटकीय स्थलका रुपमा चिनिएको लटारम्मेश्वर पुग्ने छोटो मार्ग बनाउन भीमफेदी गाउँपालिका लागेको छ ।

भीमफेदी गाउँपालिकाले दुई करोड भन्दा बढी लगानी गरेर ८ नम्बर वडास्थित लटारम्मेश्वर महादेव मन्दिर पुग्ने सडक र पदमार्ग निर्माण गरिरहेको छ । लटारम्मेश्वर बकैया गाउँपालिका र भीमफेदी गाउँपालिकाको सीमानामा रहेको डब्लूडाँडाको बीचको टाकुरामा रहेको छ । हिन्दु धर्मको पौराणिक कथा अनुसार महादेवकी पत्नी सतिदेवीले देहत्याग गरेपछि महादेवले उनको शरीर लिएर हिँडने क्रममा उनको जटा (टाउकोको कपाल) पतन भएको स्थानको रुपमा उक्त क्षेत्रलाई लिइन्छ । सतिदेवीको जटा झरेर पतन भएको पौराणीक कथा अनुसार उक्त स्थानको नाम लटारम्मेश्वर महादेव भएको बताइन्छ ।हरेक वर्ष माघे सक्रान्ती र बैशाख १ गते यहाँ विशेष मेला लाग्ने गरेको छ । विगतमा १ माघमा मात्रै लाग्ने गरेको मेला पछिल्ला वर्षमा १ वैशाखमा पनि मनाउन थालिएको छ ।

लटारम्मेश्वर पुग्ने दुई वटा बाटोहरु छन् । एउटा बकैया गाउँपालिकाको ठिंगन नजिक खोरभञ्ज्याङबाट र अर्को भीमफेदी-८, महादेवटारबाट पुग्न सिकन्छ ।



बकैयाको खोरभञ्ज्याङबाट खोरभञ्ज्याङबाट भने लटारम्मेश्वर पुग्न निकै टाढा र धेरै पैदलयात्रा गर्नुपर्ने हुन्छ । तर, भीमफेदीतर्फको महादेवटारबाट भने छोटो समयमै लटारम्मेश्वर पुग्न सकिने भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा बताउँछन् । उनका अनुसार महादेवटार भन्दा माथि डाँडासम्म सवारीसाधन पुऱ्याउन गाउँपालिकाले सडक निर्माण गरिरहेको छ । सवारीसाधन रोकिएको स्थानबाट करिब १ घण्टाको पैदलयात्रामा लटारम्मेश्वर पुग्न सकिने अध्यक्ष लामाले बताए । गाउँपालिकाले सडक मार्ग र पदमार्ग निर्माणका लागि २ करोड भन्दा बढी खर्चिन बजेट छुट्याइसकेको उनको भनाई छ ।

बकैयाको खोरभञ्ज्याङबाट भने करिब ४-५ घण्टाको पैदल यात्रापछि मात्रै लटारम्मेश्वर पुग्न सकिन्छ । छोटो र सहज यात्राबाटै लटारम्मेश्वर पुग्न सकिने गरी भीमफेदी गाउँपालिकाले लगानी गरि रहेको हो । लटारम्मेश्वर पुग्न काठमाडौंबाट पनि नजिक पर्दछ । काठमाडौंबाट ललितपुरको बागमती गाउँपालिका हुँदै मकवानपुरको सीमनास्थित बागमती पुल नजिकैबाट भीमफेदीको महादेवटार जाने उकालो लागेपछि लटारम्मेश्वरको फेदीमा पुगिन्छ । धार्मिक पर्यटनका हिसाबले लटारम्मेश्वर महादेवको मन्दिर पर्यटकीय गन्तव्य बनेको छ । समुन्द्री सतहबाट एक हजार ८ सय ५६ मिटरको उचाइमा रहेको यो मन्दिर बाट देखिने मनोरम हिम शृंखलाले पर्यटकलाई पुलकित बनाउँछ ।

डब्लूडाँडाको थुम्कोमा पुगेपछि देखिने प्राकृतिक दृश्यहरुले पर्यटकलाई हिडाईको थकान मेटाउँछ । यो थुम्कोबाट आकर्षक गणेश हिमाल देखिन्छ । डब्लु डाँडालाई छिनमै बादलले ढकमक्क ढाक्छ । छिनमै बादल फाटेर प्राकृतिक सुन्दरता देखिनु यो मन्दिरको अर्को विशेषता हो । सरर चल्ने सिरसिरे हावाकै कारण बोटविरुवाका पातहरु बयेली खेलिरहेका दृश्यले पर्यटकलाई अलौकिक अनुभूती दिलाउँछ । प्राकृतिक सुन्दरताले भरिएको यो मन्दिरको विकासका लागि भीमफेदी गाँपालिकाले गुरुयोजना बनाएको छ । संघीय सरकार र बागमती प्रदेश सरकारको सहयोगमा गाउँपालिकाले गतवर्ष २०७८/०७९ मा २० लाख रुपैयाँ लगानी गरी भौतिक पूर्वाधारको काम गरेको थियो । जुन चालू आर्थिक वर्ष २०७९/०८० मा पनि निरन्तरा दिइएको छ ।

'हामीले यो ठाउँमा गरि रहेको काम भनेको यो वर्ष झण्डै पाँच सय मिटर लिफ्ट गरेर खानेपानी ल्याउँदै छौं । यहाँ खानेपानी र बिजुलीको मुख्य समस्या छ । बिजुली पनि ल्याउने छौं ।', गाउँपालिका अध्यक्ष लामाले भने । सहरी भीडभाड र व्यस्त दैनिकीबाट अलग हुन चाहनेहरुले बिदाको छोटो समयमा समेत यो स्थानलाई गन्तव्य बनाउन सक्छन् ।

यसैगरी, लटारम्बेश्वर महादेब मन्दिरमा अब खानेपानीको सुविधा पुऱ्याइने भएको छ । नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यलयवाट थप ३८ लाख बजेट स्विकृत भइ विद्युतीकरण कार्यक्रम संचालनको लागि कार्यदेश प्राप्त भएको भिमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले जानकारी दिए । उक्त विद्युतवाट भीमफेदी गाँउपालिकाको ४० लाख लगानीमा झण्डै १५ सय मिटर तल चिलाउने लेकबाट खानेपानीलाई मन्दिर क्षेत्रमा लिफ्टिङ कार्य गरिने अध्यक्ष लामाले बताए । आगामी आसार मसान्तसम्म उक्त कार्य सम्पन्न हुने बताइएको छ । खानेपानीको सुविधा नहुँदा मन्दिर पुग्ने तिर्थालु भक्तजनलाई समस्या हुने गरेको थियो ।

# बहुउपयोगी वनस्पति चिउरीको संरक्षण



साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ सिमान्तकृत चेपाङ समुदायको संस्कृतिसँग जोडिएको बहुउपयोगी चिउरी संरक्षणमा सरकारी निकाय जुटेको छ ।

पछिल्लो समयमा जिल्लाका पहाडी क्षेत्रबाट अवैध रुख कटानसमेत बढ्ने भएकाले चिउरी लोप हुने अवस्थामा पुगेपछि जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरीमा रहेको डिभिजन वन कार्यालय राप्ति मनहरीले संरक्षणको नीति लिएको छ ।

मकवानपुरको राक्सिराङ र कैलाश गाउँपालिकाको माथिल्लो भेगमा वनस्पती चिउरी पाइन्छ । राक्सिराङ र कैलाश क्षेत्रमा चिउरी रैथाने वनस्पति हो । चेपाङ समुदायमा छोरीको विवाह गर्दा चिउरीको बिरुवा दाइजो दिने चलन रहेकाले राक्सिराङ र कैलाशमा चिउरीको सांस्कृति महत्व धेरै छ । राक्सिराङ र कैलाशमा चेपाङ समुदायको बाक्लो बसोबास छ ।

संस्कृतिको संरक्षणसँगै चिउरीबाट व्यावसायिक लाभ लिने उदेश्यका साथ काम सुरु गरेको डिभिजन वन कार्यालय मनहरीका डिभिजन वन अधिकृत विष्णुप्रसाद आचार्यले बताए । अन्य काठ भन्दा चिउरीको काठ बलियो हुने भएकाले लुकिछिपी चिउरीको रुख कटान गरी घर निर्माणमा प्रयोग हुँदै आएको छ । घर निर्माणका लागि काठ, पशुचौपायलाई घाँस र वृक्षरोपण नगर्दा चिउरी बिरुवा कम हुँदै आएको आचार्यले बताए । मौरीको मुख्य आहाराको रुपमा रहेको चिउरीको फूल रुख कटानसँगै लोप हुँदै गएको छ । केहि वर्षअघि जताततै पाइने चिउरीका रुख अहिले कम हुँदै गएको बताउँदै आचार्यले चिउरी संरक्षण गरी मह उत्पादन बढाउनुका साथै चिउरी घ्यू उत्पादन बढाउन कार्यालयले पहल गरेको जनाए ।

डिभिजन वन राप्ति मनहरीले चिउरीको ग्राफ्टिङ सुरु गरेको छ । पुष्प विकास केन्द्र गोदावरीका प्राविधिक सुधिर श्रेष्ठलगायतको टोलीको प्राविधिक सहयोगमा कार्यालयको नर्सरीमा चिउरीको ग्राफ्टिङ नयाँ प्रयोग सुरुवात गरिएको वन कार्यालय प्रमुख आचार्यले बताए । नर्सरीमा उत्पादन भएका बिरुवा राक्सिराङ गाउँपालिका वडा नम्बर ६, ७, ८ र ९ लगाउने उनको भनाई छ । राक्सिराङ गाउँपालिका वडा नम्बर ६, ७, ८ र ९ नम्बर वडा क्षेत्रलाई चिउरीको पकेट क्षेत्रको रुपमा विकास गर्ने अभियान पनि रहेको छ ।

ग्राफ्टिङ चिउरी बिरुवाले २-३ वर्षभित्र उत्पादन दिने अपेक्षा गरिएको उनले बताए । चिउरीबाट मौनवत्ती, साबुन, क्रिम, जुस र विभिन्न कस्मेटिक सामग्री बनाउनसमेत प्रयोग गरिन्छ । चिउरीको पातबाट टपरी, घाँस, घीउ निकाल्दा बाँकी रहेको पिना अत्यन्तै उपयोगी रुपमा प्रयोग गर्न सकिन्छ । चिउरीको फल मानिसका लागि खानाको रुपमा समेत प्रयोग गरिँदै आएको हुँदा चिउरीबाट व्यावसायिक लाभ लिने जमर्को गरिएको आचार्यको भनाई छ । चिउरी बहुउपयोगी बिरुवा भएकाले यसको संरक्षणका लागि अभियन संचालन गरिएको उनले जनाए ।

भदौ-असोजमा पात झरेर वसन्तमा पालुवा फेर्दै लटरम्म फुल्नेफल्ने चिउरीबाट अहिले वाइन, जुस, साबुन, घीउ, क्रिम, जाम र महदेखि प्राङ्गारिक मल तथा विषादीसम्मको उत्पादन सुरु भए पनि संरक्षण नहुँदा लोप हुने अवस्था छ । चिउरीको पात र काठबाट टिकाउ किसिमको दुनाटपरी तथा फर्निचर बन्छ ।

बाँकी उत्पादन यसको रसिलो फल र त्यसभित्रको बिजुला (कोया) बाट हुन्छ । वर्षौंदेखि जंगलमा झर्दै, खेर जाँदै गरेको चिउरीको बिजुला बटुलेर धेरैले राम्रो आम्दानी गर्ने गरेका छन् । तर, पछिल्लो समय वनस्पती नै मासिने अवस्थामा पुगेको हुँदा मौरीको आहारा र घ्यू उत्पादनमा समेत कमी आएको आचार्यले सुनाए ।

# आजदेखि पञ्चवर्षीय विराट महायज्ञ

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ हेटौंडामा पाँच वर्षपछि नयाँ वर्ष पञ्चवर्षीय विराट ज्ञान महायज्ञ-२०८० आज बुधवारबाट सुरु हुँदैछ ।

आजदेखि सुरु हुने महायज्ञ २६ वैशाखसम्म सञ्चालन हुनेछ । यसवर्ष २५ हजार नारीहरुलाई एकै प्रकारको साडी वितरण गरेर कलशयात्रा गरिने जनाइएको छ । कलशयात्राका लागि मकवानपुरगढी, हेटौंडा, बकैया, मनहरी, भीमफेदीसम्मका महिलालाई साडी वितरण गरेर कलशयात्राका लागि निम्ता दिइएको छ । गाउँगाउँसम्म आयोजकले नै साडी पुऱ्याएको हो । हेटौंडा-१० गोरक्षेश्वर क्षेत्र विकास समिति प्राङ्गणमा हुने पञ्चवर्षीय विराट महायज्ञ-२०८० अन्तर्गत् गोरक्षेश्वर क्षेत्र विकास समितिका संरक्षक अजेयराज सुमार्गीले महायज्ञको तयारी पूरा भएको जानकारी दिए । हेटौंडामा २०६० देखि सुरु महायज्ञ २०६५, २०७०, २०७५ हुँदै पाँचौं संस्करण आयोजना हुन लागेको हो । यसअघि १ वैशाख २०८० बाट महायज्ञ गर्ने तयारी रहेकोमा बृहष्पति अस्थ भएका कारण मिति धकेलिएको थियो । महायज्ञ अनन्तश्रीविभुषित स्वामी कमलनयनाचार्यको प्रमुख संरक्षकत्व र वैदिक दर्शनका व्याख्याता अग्निहोत्री डा. सीताराम खनालको अभिभावकत्वमा सञ्चालन हुनेछ ।

महायज्ञमा करपात्री स्वामी कृष्ण प्रपन्नाचार्यबाट भक्तिसंगीतमय श्रीमद्भागवत कथा प्रवचन हुने जनाएको छ । महायज्ञमा विभिन्न धर्म संस्कृतिका आचार्य गुरु, सामाजिक व्यक्तित्व, एनआरएनसँग सम्बन्धित राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यक्तित्व, समाजसेवी, बुद्धिजीवी, प्राध्यापक, शिक्षक, उद्योगपति, व्यवसायीलगायत नेपालका अन्य जिल्लाबाट समेत विशिष्ट व्यक्तिहरुको सामुहिक उपस्थिति रहने समितिका अध्यक्ष सुमार्गीले बताए । सुमार्गीले पछिल्लो चरणमा धर्म संस्कृति र परम्परा लोपोन्मुख भएको हुँदा त्यसलाई जोगाउन महायज्ञले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

सुमार्गीको अध्यक्षतामा पाँचसय ५१ सदस्यीय नयाँ वर्ष शुभकामना विराट ज्ञान महायज्ञ-२०८० मूल आयोजक समिति गठन गरेर तयारी पूरा गरिएको हो । हेटौंडा-१० गोरक्षेश्वर क्षेत्र विकास समिति परिसरमा हुने महायज्ञअन्तर्गत् वैशाख २० गते बिहान ७ बजे शंख, घण्ट, खैजडी भजन, डाण्गिया नृत्य, झाँकीसहित अभूतपूर्व अलौकिक शान्तिशोभा कलशयात्रा, १० बजे समुद्धाटन, १२ बजे सामुहिक भोजन, १ बजेदेखि ४ बजेसम्म भक्ति संगीतमय भागवत कथा प्रवचन, ४ बजेदेखि ५ बजेसम्म वैदिक प्रवचन, महाआरती र भजन कीर्तन हुने आयोजकले जानकारी दिएको छ ।

# बालबालिकालाई श्रममा नलगाउन सचेत गराइयो



साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकामा सञ्चालित होटलहरुमा बालबालिकालाई श्रममा प्रयोग नगर्न सचेत गराइएको छ ।

गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्तबहादुर खत्री, राष्ट्रिय बाल संरक्षण संजालका केन्द्रीय अध्यक्ष एवं बाल कल्याण समाजको अध्यक्ष प्रकाश खतिवडा लगायतको टोलीले होटललगायतका अन्य व्यवसायमा बालश्रमिकहरुको अनुगमन गरेका थिए । अनुगमन टोलीले खाजा खाने बाहाना गरेर हात्तिसुढैं क्षेत्रका होटलहरुमा हुन सक्ने बालश्रमिकको बारेमा अनुगमन र सचेत गराइएको खतिवडाले बताए । बालमैत्री घोषणापछि पनि धेरै स्थानहरुमा अनुगमन गर्नुका साथै बाल सहजकर्तामार्फत बालबालिकाको विषयमा जानकारी लिने गरेको अध्यक्ष लामिछानेले बताए । गाउँपालिकामा होटल तथा खाजा घरमा बालश्रममा प्रयोग न्यून रहेता पनि प्राय: ट्याक्टर तथा अन्य ढुवानी सेवाका सवारीमा काम गर्ने बालकहरु अझै रहेको अध्यक्ष लामिछानेले बताए ।

अन्तराष्ट्रिय श्रमिक दिवसको अवसरमा राष्ट्रिय बाल संरक्षण संजाल, बाल कल्याण समाज मकवानपुर तथा बकैया गाउँपालिकाको संयुक्त रुपमा अनुगमन भएको थियो । अनुगमनको क्रममा राष्ट्रिय बाल संरक्षण संजाल एव बाल कल्याण समाजका अध्यक्ष प्रकाश खतिवडाले व्यवसायीहरुलाई १४ वर्षभन्दा मुनिका बालबालिकालाई श्रममा नराख्न अनुरोध गरिएको बताए । बालश्रम अन्त्य होस् भन्ने उद्देश्यले अनुगमन गरिएको र बालबालिकालाई श्रममा राखिएको पाइएमा व्यवसायीलाई कानुनी दायरामा ल्याइने समेत अध्यक्ष खतिवडाले बताए । बकैया-४ हात्तिसुँढे क्षेत्रमा रहेका ८ वटा होटल तथा खाजाघरहरुमा अनुगमन गरिएको थियो ।

यस्ता अनुगमनलाई नियमित रुपमा गाउँपालिकाले लैजाने गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले बताए । अनुगमनमा गाउँपालिका अध्यक्ष लामिछाने, उपाध्यक्ष खत्री, बाल कल्याण समाजका अध्यक्ष प्रकाश खतिवडा, कार्यपालिका सदस्य लक्ष्मी माझी, पालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, महिला बालबालिका इकाइ प्रमुख होमकुमारी सञ्जेल, वडा सदस्य सञ्जय लोप्चन, बाल अधिकार समिति सदस्यद्वय ठुलिमाया मुक्तान र सुर्यकला तिमल्सिना, गाउँपालिकास्तरीय बाल संजाल अध्यक्ष सिमोन भोलन, न्यायिक सहजकर्ता शुभ लक्ष्मी विक, उद्यम विकास सहजकर्ता विकास श्रेष्ठ, स्वास्थ्यकर्मी रत्नलक्ष्मी डंगोल लगायतको सहभागिता रहेको थियो ।

अनुगमनको क्रममा बालबालिकालाई श्रमिकको रुपमा प्रयोग नगरौ, नगराऔ र शिक्षामा जोड दिऔ भन्ने सन्देश दिइएको थियो । यसैगरी, बकैया गाउँपालिकाको आयोजनामा भएको बालअधिकार सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम पनि समापन भएको छ । तालिममा पालिकाका जनप्रतिनधि, कर्मचारी, बालमैत्री सहजकर्ता तथा स्थानीय अगुवाहरुको सहभागिता रहेको थियो । तालिममा बालअधिकार, बाल संरक्षण, बालश्रम, बालविवाह तथा कानुनी प्रावधान लगायतका सवालहरुमा प्रशिक्षण दिइएको थियो ।


## हार्दिक समवेदना



जन्म: २०००/०८/१०

स्वर्गारोहण: २०८०/०१/०८

स्व. तुलकुमारी अर्याल

यस बालजागृती ईङ्लिस सेकेन्डरी स्कूलका शेयर सदस्य श्री उमेश अर्यालकी ममतामयी माता **तुलकुमारी अर्याल**को असामयिक स्वर्गारिहण भएकोमा हामी ज्यादै मर्माहत् भएका छौं । १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**विनोद सुवेदी (प्रिन्सिपल) एवम्**

**बालजागृती ईङ्लिस सेकेन्डरी स्कूल, परिवार**

हेटौंडा-२, मकवानपुर



## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर (निर्माण व्यवसायी संघको अगाडि)

सम्पर्क नं.: ९८४५१२६११२



*"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"*

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३


बागमती प्रदेश सरकार

पर्यटन उद्योग तथा सहकारी मन्त्रालय

**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

**हेटौंडा, मकवानपूर**

## सिलवन्दी दरभाउपत्र आहवानको सूचना

ठेक्का सूचना नं. १/२०७९/८०

*प्रथमप टक प्रकाशित मिति: २०८०।०१।२०*

*वोलपत्र पेशपर्ने अन्तिम मिति २०८०।०२।०४*

नेपाल सरकार, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र त्रिपुरेश्वर काठमाडौं र यस निर्देशनालय बीच भएको समझदारी पत्र अनुसार उद्योग संघ मकवानपुर, हेटौंडा औद्योगिक क्षेत्रमा इन्कुवेशन सेण्टर स्थापना गर्ने प्रयोजनको लागि उद्योग संघ मकवानपुर परिसरमा रहेको पुरानो भवन मर्मत गरी प्रयोगमा ल्याउन उद्योग संघ मकवानपुर, हेटौंडा औद्योगिक क्षेत्रबाट अनुरोध भए बमोजिम प्राविधिक लागत इष्टिमेट अनुसार उक्त भवनको जस्ताको छानो तथा सिलिङ मर्मत/पुन निर्माण गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रीत पूर्वकको शिलवन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

१. तपशिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) प्रदेश लेखा नियन्त्रण कार्यालय हेटौंडाको नाममा रहेको रा.वा बैंक हेटौंडाको राजस्व खाता नं. १०००२०००१०००० मा जम्मा गरेको सक्कलै बैंक भाउचर, नवीकरणको इजातज पत्र, मुल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रका प्रतिलिपि सहित लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन (कार्यालय समय) भित्र यस निर्देशनालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. यस निर्देशनालयबाट खरिद गरेको दरभाउ पत्र फाराम नियमानुसार भरी सिलवन्दी गरी खामको बाहिर कामको विवरण, ठेक्का सूचना नं. दरभाउ पत्र दाताको नाम, ठेगाना, इमेल र सम्पर्क नं समेत खोली निर्देशनालयलाई सम्वोधन गरी सूचना प्रकाशित भएको १६ औं दिनको १२.०० बजे भित्र यस निर्देशनालय तथा पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय हेटौंडा समेतमा दर्ता गर्न सकिनेछ । दर्ता भएका दरभाउ पत्र सोही दिन दिनको १:०० बजे दरभाउ पत्र दर्ता स्वयम् वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस निर्देशनालयमा खोलिनेछ । दरभाउ पत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित भएतापनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन ।

३. शिलवन्दी दरभाउ पत्र साथ तपशिलमा उल्लेखित जमानत बापतको रकम यस निर्देशनालयको कोड नं ३०७०१३२०१३ सहित प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाको नाममा रहेको रा.वा. बैंक हेटौंडाको धरौटी खाता नं. १३००१००२०२०३०००० मा जम्मा गरेको सक्कलै बैंक भाउचर वा मान्यता प्राप्त बैंक/ बित्तीय संस्थाबाट यस निर्देशनालयको नाममा जारी गरेको कम्तीमा ७५ (पचहत्तर) दिन अवधि भएको बैंक जमानतपत्र (विडवण्ड)संलग्न गरेको हुनुपर्नेछ ।

४. दरभाउ पत्र शर्त रहित प्रत्येक आइटममा अंक अक्षर लेखेको, केरमेट नभएको हुनु पर्नेछ । दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउँमा आधिकारिक व्यक्तिबाट दस्तखत भएको हुनु पर्नेछ । समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउ पत्र माथि कुनै कारवाही हुनेछैन ।

५. सीलवन्दी दरभाउ पत्र खरिद गर्ने र दर्तागर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै कार्यलय खुलेको दिनलाई तत्तत् प्रयोजनको लागि अन्तिम दिन मानिने छ ।

६. सार्वजनिक खरिद नियमावली २०६४ (शंसोधन सहित) को नियम ६५ (४) (४घ१) को प्रतिकुल नहुनेगरी दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

७. यस सूचनामा उल्लेख नभएका व्यहोराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सर्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा बागमती प्रदेश सार्वजनिक खरिद नियमावली २०७६ (शंसोधन सहित) बमोजिम हुनेछ । यस सम्बन्धी विषयमा विस्तृत जानकारीका लागि कार्यालय समयभित्र यस निर्देशनालयको टेलिफोन नं. ०५७-५२००१४, ५२००१५ मा सम्पर्क गर्न सकिने छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | ल.ई. रकम (मु.अ.कर सहित) | जमानत रकम रू, | दरभउपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SQ work 2079/080/01 | उद्योग संघ मकवानपुरको पुरानो भवनमा जस्तापाता र सिलिङ मर्मत समेत | १०,८१,२६३.५५ | ३०,०००/- | १,०००/- | |

फोन नं. ०५७-५२००१४, ०५७-५२००१५ / इमेल: doiccip3@gmail.com

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना